आज मिति २०७८ साल आश्विन महिनाको २० गते बुधवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा नगरपालिकाको ७४ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो।

## उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री लक्ष्मी देवी अधिकारी |
| ३, | प्र. प्र. अधिकृत | | श्री जनार्दन अधिकारी |
| ४, | वडा अध्यक्ष | (१) | श्री वलाराम श्रेष्ठ |
| ५, | —"— | (२) | श्री गणेश बहादुर कंडेल |
| ६, | —"— | (३) | श्री सूर्य कुमार श्रेष्ठ |
| ७, | —"— | (४) | श्री लाल वीर गुरुङ |
| ८, | —"— | (५) | श्री बम बहादुर गुरुङ |
| ९, | —"— | (६) | श्री भोज बहादुर रिमाल |
| १०, | —"— | (७) | श्री गोविन्द बस्नेत |
| ११, | —"— | (८) | श्री पवित्रा थापा राना |
| १२, | —"— | (९) | श्री शरद बराल |
| १३, | —"— | (१०) | श्री पुर्ण बहादुर थापा |
| १४, | —"— | (११) | श्री अच्युत बाबु बगाले |
| १५, | कार्यपालिका सदस्य | | श्री विष्णु माया राना |
| १६, | —"— | | श्री मन्दिरा दर्नाई |
| १७, | —"— | | श्री देव बहादुर गहतराज |
| १८, | —"— | | श्री अजय मजाकोटी |
| १९, | —"— | | श्री मन माया गुरुङ |
| २०, | —"— | | श्री दोज बहादुर खवास |
| २१, | —"— | | श्री कृष्ण नेपाली |
| २२, | —"— | | श्री आशा तामाङ |

### सहजकर्ता कर्मचारीहरू :-

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २४, | अधिकृत | श्री विमला गैह्रे |
| २५, | ना. सु. (सहायकस्तर पाँचौं) | श्री गोविन्द बहादुर राउत |

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

*नगर कार्यपालिकाको मिति २०७८ असोज २० गतेको बैठकका एजेण्डाहरु*

- सडक मर्मत सम्भार सम्बन्धमा
- रिठ्ठेबगर बरबोट सडक खुलाउने सम्बन्धमा
- फूलबारी चोक ठाडो लाइन सडक मर्मत सम्बन्धमा ।
- ल्याण्डफिल्ड साइट पहुँच मार्ग स्काइभेटर खर्च अनुमोदन सम्बन्धमा
- स्वास्थ्य तर्फको कार्यक्रम सम्बन्धमा
    - सुत्केरी महिला पोषण कार्यक्रम
    - महिला स्वास्थ्य स्वयंसेविका विदाई कार्यक्रम
    - स्वास्थ्य संस्था प्रशासनिक खर्च
- संस्थागत क्षमता स्वमूल्यांकनको लागि सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा
- कृषि र पशु सेवामा नयाँ राखिएका करार कर्मचारीहरुको सम्झौता अनुमोदन सम्बन्धमा
- शहरी स्वास्थ्य केन्द्रको माग गर्ने सम्बन्धमा (बेनपा ११ रामचोकबेसी)
- फोहरमैला व्यवस्थापनको सेवा प्रदायक संस्थासंगको सम्झौता सम्बन्धमा
- पदपूर्ती समिति गठन गर्ने सम्बन्धमा ।
- दरबार हेरचाह कार्यालयका कर्मचारीहरुको तलबभत्ता माग सम्बन्धमा
- आवधिक योजना निर्माण सम्झौताको म्याद थप सम्बन्धमा ।
- जिल्ला प्रहरी कार्यालयको खानेपानी शुद्धिकरण र विद्युत व्याक अपको लागि थप बजेट सम्बन्धमा ।
- योजना एकिकरण /ब्रेक डाउन/संशोधन सम्बन्धमा
    - वडा नं ९
    - वडा नं २
    - वडा नं ४
    - वडा नं ३
    - वडा नं १
- कृषि र भेटनरीतर्फका कार्यक्रम सम्बन्धमा
- प्राकृतिक श्रोत उपयोग करको ठेक्का सम्बन्धमा ।
- ड्रोन क्यामरा खरीद सम्बन्धमा
- विपन्न परिवारहरुलाई राहत प्रदान गर्ने सम्बन्धमा
- विविध
    - कारागारका बन्दीहरुलाई दशैं खर्च उपलब्ध गराउने सम्बन्धमा ।
    - दशैं, तिहार र छठको शुभकामना सम्बन्धमा

## बैठकका निर्णयहरु

**निर्णय नं. १: सडक मर्मत सम्भार सम्बन्धमा ।**

बर्षात्को समयमा बिग्रे भत्केका सडकहरुको मर्मत सम्भारको लागि मर्मत सम्भार कोष शिर्षकमा विनियोजित बजेट सीमा भित्र रही सम्वन्धित प्राविधिकबाट इष्टिमेट तयार गरी, प्रयोग गर्ने एक्साभेटर/जेसिबी बारे नगरपालिकाबाट सहमति लिएर देहाय अनुसारको रकम वा समयको अधिकतम सीमाभित्र मेसिन प्रयोग गरी आवश्यक मर्मत सुधार गर्ने साथै भएको कामको प्राविधिक मूल्यांकनको आधारमा जेसिवी सञ्चालकलाई भुक्तानी दिने निर्णय गरियो ।

देहाय :

| | | |
|---|---|---|
| वडा नं १ : ९० घण्टा | वडा नं ५ : १.७ लाख | वडा नं ९ : १.२ लाख |
| वडा नं २ : ६५ घण्टा | वडा नं ६ : १.८ लाख | वडा नं १० : १५० घण्टा |
| वडा नं ३ : १.५ लाख | वडा नं ७ : १.२ | वडा नं ११ : १३० घण्टा |
| वडा नं ४ : १.५ लाख | वडा नं ८ : १ लाख | |

**निर्णय नं. २ : रिठ्ठेबगर बरबोट सडक खुलाउने सम्बन्धमा ।**

२०७८ असार १ गते अविरल वर्षाको कारण मर्स्याङ्दी नदीमा आएको बाढीबाट वडा नं ११ स्थित रिठ्ठेबगरबाट बरबोटतर्फ जाने सडक नदिले कटान गरेको कारण अवरुद्ध भएको हुँदा फुटकर शिर्षकबाट रु. २ लाख विनियोजन गरी उक्त सडक तत्काल खुलाउने निर्णय गरियो ।

**निर्णय नं. ३ : फूलबारी चोक ठाडो लाइन सडक मर्मत सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ फूलबारी चोकबाट जिल्ला सामुदायिक अस्पतालतर्फको ठाडोलाइन सडकको पीच वर्षातको कारण क्षतिग्रस्त भई जाखिमपूर्ण अवस्थामा रहेको हुँदा उक्त सडक तत्काल मर्मत सुधार गर्ने कार्यको लागि लागत इष्टिमेट वमोजिम रु ५ लाख फुटकर शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४: ल्याण्डफिल्ड साइट पहुँच मार्ग स्काइभेटर खर्च अनुमोदन सम्बन्धमा ।**

नगरपालिका बजार क्षेत्रको फोहरमैला विसर्जन स्थल (सेनेटरी ल्याण्ड फिल्ड साइट) मा जाने सडक बर्षातको कारण क्षतिग्रस्त भएको हुँदा उक्त सडकको मर्मत सुधार कार्यमा यिन्दु निर्माण सेवा प्रा.लि. को २०५ नं को जेसिबी लाई काममा लगाइएको हुँदा उक्त निर्माण सेवालाई लग सिटका आधारमा रु. ३ लाख संघीय राजश्वबाट विनियोजित ल्याण्डफिल्ड साइट चेक ड्याम निर्माण शिर्षकको १८ लाख मध्येबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५ : स्वास्थ्य तर्फको कार्यक्रम सम्बन्धमा ।**

चालु आव २०७८।०७९ मा संघीय राजश्व शिर्षकबाट स्वास्थ्य क्षेत्रतर्फ राखिएका देहायका कार्यक्रमहरुलाई देहाय अनुसार कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

(क) सुत्केरी महिला पोषण कार्यक्रमतर्फ विनियोजित बजेटबाट चालु आवमा सुत्केरी भएका आमाहरुको स्वास्थ्य तथा पोषणमा सहयोग पुग्ने गरी पोषण सामाग्री खरीद गर्न जनही रु ३,०००।- (तीन हजार मात्र) का दरले उपलब्ध गराउने साथै सो रकम उपलब्ध गराउनको लागि नगरपालिका भित्र स्थायी ठेगाना भएको

हुनुपर्ने वा बसाइँ सराई लिएर आएको हुनुपर्ने गरी मापदण्ड निर्धारण गर्ने एवम् यस कार्यको सहजीकरणको लागि सम्बन्धित वडाध्यक्षको अध्यक्षतामा स्वास्थ्य संस्थाको प्रमुख र वडा सचिव रहेको तीन सदस्यीय उप समिति गठन गर्ने ।

(ख) महिला स्वास्थ्य स्वयंसेविका विदाई कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट सेवाबाट अवकाश लिएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रति व्यक्ति रु ३०,०००। (तीस हजार मात्र) का दरले एकमुष्ठ भुक्तानी दिने ।

(ग) स्वास्थ्य संस्था प्रशासनिक खर्च शिर्षकमा विनियोजित बजेटबाट प्रत्येक स्वास्थ्य संस्थालाई रु. ५०,०००।- (पचास हजार मात्र) का दरले स्वास्थ्य संस्थाहरुको खातामा उपलब्ध गराउने ।

**निर्णय नं. ६ : संस्थागत क्षमता स्वमूल्यांकनको लागि सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ वमोजिम नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन गर्ने कार्यको लागि कार्यपालिकाको कार्यालयका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेललाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : कृषि र पशु सेवामा नयाँ राखिएका करार कर्मचारीहरुको सम्झौता अनुमोदन सम्बन्धमा ।**

नगरपालिकाको कृषि र पशुसेवातर्फका स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरुमा करार सेवामा प्रक्रिया वमोजिम नियुक्त गरिएका देहायका प्राविधिकहरुको करार सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय :**

१. श्री सावित्रा मालुके, पशु सेवा प्राविधिक, राइनास नपा ७, लमजुङ

२.श्री प्रतिभा बुढामगर, पशु स्वास्थ्य प्राविधिक, घोराही नपा ७, दाङ

३.श्री शिशिर सिंह बोहरा, प्राविधिक सहायक (कृषि), बेसीशहर नपा ६ लमजुङ

४.श्री एलिजा अर्याल, प्राविधिक सहायक (कृषि), बेसीशहर नपा ९, लमजुङ

**निर्णय नं. ८ : शहरी स्वास्थ्य केन्द्रको माग गर्ने सम्बन्धमा ।**

नगरपालिकाको वडा नं ११ साविक चिती गाविस जनसंख्या र भौगोलिक हिसावले ठूलो वडा भएकोले साविक चिती गाविस ७ रामचोकबेसीका जनतालाई हालको चितीथला स्वास्थ्य चौकीबाट सेवा लिनको लागि ज्यादै नै कठिनाई भएको साथै रामचोकबेसीमा जनघनत्व पनि उच्च रहेको र दिनप्रतिदिन बसाइँ सराइ समेतको कारण जनसंख्या बृद्धि भईरहेको हुँदा वडा नं ११ को रामचोकबेसीमा शहरी स्वास्थ्य केन्द्र सञ्चालनको लागि आवश्यक व्यवस्था हुन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : फोहरमैला व्यवस्थापनको लागि सेवा प्रदायक संस्थासंगको सम्झौता सम्बन्धमा ।**

बेसीशहर बजार क्षेत्रको फोहरजन्य पदार्थहरु वातावरण सुधार तथा विकास अभियान नामक संस्थाले मिति २०७५।६।१० बाट उठाएर व्यवस्थापन गर्दै आएको र सो संस्थाले हालसम्म गरेको कार्य सन्तोषजनक देखिएको हुँदा हालको कायम रहेको शुल्कमा १५% बृद्धि गरी सो संस्थालाई पुन: ३ वर्षको लागि साविकमा गरि आएको कार्य यथावत रुपमा गर्ने गरी फोहरमैला व्यवस्थापनमा खटाउने निर्णय गरियो ।

**निर्णय नं. १० : पदपूर्ती समिति गठन गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा ८ मा भएको व्यवस्था अनुसार देहाय वमोजिमको पदपूर्ती समिति गठन गर्ने निर्णय गरियो ।

क) प्रमुख प्रशासकीय अधिकृत बेसीशहर नगरपालिका — अध्यक्ष
ख) अधिकृत दशौं श्री किसानराज चिलुवाल शिक्षा शाखा — सदस्य
ग) अधिकृत श्री हरि बहादुर धिताल पशुसेवा शाखा — सदस्य
घ) इन्जिनियर श्री विशाल ढकाल प्राविधिक शाखा — सदस्य
ङ) अधिकृत श्री विमला गैह्रे प्रशासन शाखा सदस्य — सदस्य सचिव

**निर्णय नं. ११ : दरबार हेरचाह कार्यालयका कर्मचारीहरुको तलबभत्ता माग सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ३ गाउँशहर स्थित दरबार हेरचाह कार्यालयका स्वीकृत दरबन्दीमा रहेका कर्मचारीहरुको तलब भत्ताको लागि आवश्यक बजेट निकासा हुन नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : आवधिक योजना निर्माण सम्झौताको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आवधिक योजना तर्जुमाको जिम्मेवारी पाएको UNIVERSSAL SUSTAINANLE DEVELOPMENT CONSULTANCY संगको सम्झौताको म्याद २०७८ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : जिल्ला प्रहरी कार्यालयको खानेपानी शुद्धिकरण र विद्युत व्याक अपको लागि थप बजेट सम्बन्धमा ।**

जिल्ला प्रहरी कार्यालयमा खानेपानी शुद्धिकरण र विद्युत व्याक अपको लागि रु ५ लाख विनियोजन भएको तर सो कार्य सम्पन्न गर्नको लागि रु ६ लाख लाग्ने भएको हुँदा थप रु १ लाख फुटकर शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ : योजना एकिकरण /ब्रेक डाउन/संशोधन सम्बन्धमा ।**

देहायको योजनाहरुलाई देहाय अनुसार एकिकरण/ब्रेक डाउन/संशोधन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १ पाचुरे खोलाबाट छहरेसम्म मोटरबाटो निर्माण, बेनपा ९ (वडास्तरीय)<br>२. काफलबोटेदेखि देउराली सडक स्तरोन्नति बेनपा ९ (नगरस्तरीय)<br>३.समदर्शी प्रावि शौचालय निर्माण बेनपा ९ (नगरस्तरीय) | ३,००,०००<br><br>१,००,००० | १गौरीटोल गोरेटोबाटो निर्माण बेनपा ९,<br>२. देउराली उपल्लो बाटो मर्मत बेनपा ९<br>३. समदर्शी प्रा.वि.घेराबार निर्माण बेनपा ९ | ३,००,०००<br>२,००,०००<br>१,००,००० |
| ४. ज्यामिरे खोला बाटो मर्मत सुधार बेनपा २ (नगरस्तरीय) | २,००,००० | ३.ज्यामिरे खोला बाटो मर्मत सुधार बेनपा २ | ४,००,००० |

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| ५. ज्यामिरे खोला तटबन्ध निर्माण बेनपा २ (वडास्तरीय) | २,००,००० | | |
| ६.डाँडागाउँदेखि क्यारक्युमासम्म मोटरबाटो निर्माण बेनपा ४ (वडास्तरीय) | ३,००,००० | ४.डाँडागाउँ पहिरो व्यवस्थापन बेनपा ४ | ३,००,००० |
| ७.तिलबारी लाँकुरीबोट नयाँबस्ती मोटरबाटो बेनपा ३ (वडास्तरीय) | १,००,००० | ५.सोमराज बरालको घरदेखि ज्योतिचौतारो जाने गोरेटोबाटो सुधार बेनपा ३<br>६. नयाँबस्ती गोरेटो बाटो सुधार | ५०,०००<br>५०,००० |
| ८. बाल विद्याश्रम आमावि घेराबार निर्माण बेनपा ११ (नगरपालिकास्तरीय) | २,००,००० | ७.बाल विकास आमावि घेराबार निर्माण बेनपा ११ | २,००,००० |
| ९.कृषि तथा पशु कार्यक्रम बेनपा ११ (वडास्तरीय) | ९,००,००० | ८. स्थानीय राँगा खरीद<br>९.बंगुर पठा खरीद<br>१०.बोयर बोका खरीद<br>११.बाह्रपोखरी प्रगतिशिल कृषक समुह आलु विउ खरीद<br>१२.त्रिवेणी कृषि फर्म रामचोकबेसी कम्पाउण्डिङ<br>१३.जनजागृति कृषक समुह थापाँडाँडा खाली मौरीघार वितरण<br>१४.कृषि यान्त्रीकरण हाते ट्याक्टर<br>१५.सिल्पोलिन प्लाष्टिक वितरण | ५०,०००<br>२,००,०००<br>१,५०,०००<br>६०,०००<br>६०,०००<br>६०,०००<br>२,८०,०००<br>४०,००० |
| १०.विपद् व्यवस्थापन तथा फुटकर खर्च बेनपा १ | ५,००,००० | १६.विपद व्यवस्थापन<br>१७. फुटकर खर्च<br>(वडा समितिको २०७८।४।८, ४।२२, ४।२८,५।९,५।२७ ६।१४ को विनियोजना सम्बन्धी निर्णय अनुसार हुने गरी ) | २,००,०००<br>३,००,००० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०६/२० गतेको बैठक

**निर्णय नं. १५ : कृषि र भेटनरीतर्फका कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व. २०७८।७९ का कृषि र पशुसेवातर्फका नगरस्तरीय तथा सशर्ततर्फका कार्यक्रमहरु कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. १६ : प्राकृतिक श्रोत उपगोग करको ठेक्का सम्बन्धमा ।**

आर्थिक वर्ष २०७८।०७९ का लागि लगाइएका आय ठेक्काहरु मध्ये मर्स्याङदी नदी, ठेक्का नं. १०, रानीकुवा टापु मुनिको वगरघाटदेखि आँपचौरको पुलमाथिको खण्ड र ठेक्का नं. १२, भकुण्डे थुम्कामुनीको मरनघाट ( वउरघाट) खण्डको ठेक्कामा सबैभन्दा बढी कवोल गर्ने बोलपत्रदाताको अख्तियार प्राप्त ब्यक्ति सम्झौता गर्न नआई दोस्रो बोलपत्रदातासँग सम्झौताको लागि पत्र काटिएको र आवश्यक कारवाहीको लागि मिति २०७८।०५।२१ मा बसेको कार्यपालिकाको बैठकको निर्णय पश्चात सबैभन्दा बढी कवोल गर्ने बोलपत्रदाताले आफ्नै नाममा ठेक्का सम्झौता गर्न दोश्रो कवोलदाताको सहमति पत्र सहित निवेदन पेश गरेकाले मिति २०७८।०६।२० मा निजहरुसँग गरिएको ठेक्का सम्झौताको निर्णय सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ : ड्रोन क्यामरा खरीद सम्बन्धमा ।**

विभिन्न विपद्जन्य तथा विवादजन्य घटनाहरुको प्रविधिमूलक तवरले तुरुन्त यथार्थता पत्ता लगाउन तथा अभिलेखीकरण गर्न सहयोग पुग्ने उद्देश्यले एक थान ड्रोन क्यामरा र कम्प्युटर खरीदको लागि विपद् व्यवस्थापन कोषबाट १ लाख विनियोजन गर्ने साथै उक्त उपकरण जिल्ला प्रहरी कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ : विपन्न परिवारहरुलाई राहत प्रदान गर्ने सम्बन्धमा ।**

सामाजिक सुरक्षा भत्ता लगायत सरकारी तवरबाट कुनै पनि अनुदान/भत्ता/पारिश्रमिक प्राप्त नगरेका तथा घर परिवारमा आम्दानीको श्रोत नभई विपन्नताको परिस्थितिमा जीवन निर्वाह गर्न बाध्य भएका घर परिवारहरुलाई दशैं लगायतका चाडबाड मान्न सहयोग पुऱ्याउने उद्देश्य राखी राहत प्रदान गर्ने साथै यसको लागि संघीय समानीकरणको फुटकर शिर्षकबाट रु ३ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ : विविध/कारागारका बन्दीहरुलाई दशैं खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

जिल्ला कारागारमा रहेका बन्दीहरुलाई दशैं मान्नको लागि चालुतर्फको अन्य सामाजिक सहायता शिर्षकबाट रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २० : विविध/दशैं, तिहार र छठको शुभकामना सम्बन्धमा ।**

घर आँगनमा भित्रिसकेको नेपालीहरुको महान् चाडपर्वहरु विजया दशमी, शुभदीपावली, छठ र ल्होसारको अवसरमा नगरपालिका भित्र तथा बाहिर रहेका सवै नगरबासीहरु लगायत सवैमा सुखशान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।